# नीति पत्र

वर्ष ४, अंक १, माघ २०७०

# नेपालको आन्तरिक सुरक्षाः चुनौती र समाधान

Nepal Institute for Policy Studies (NIPS)

- सुरक्षाको परिभाषा
- आन्तरिक सुरक्षाको उद्देश्य
- आन्तरिक सुरक्षाको संस्थागत र कानुनी व्यवस्था
- सुरक्षा निकायहरुको क्षेत्राधिकार र भूमिका
- आन्तरिक सुरक्षाका चुनौतीहरु
- सुझावहरु

## १. सुरक्षाको परिभाषा

सुरक्षा 'विकासोन्मुख तथा विवादास्पद अवधारणा' हो र यसको विश्वव्यापीरुपमा स्वीकृत सर्वसम्मत परिभाषा छैन ।[1] त्यसैले 'सुरक्षा' शब्दको अर्थ 'जटिल र अमूर्त' छ । प्रसिद्ध सुरक्षाविद् बेरी बुजानले सुरक्षा जटिल र बहुआयामिक विषय भएकाले यसको परिभाषा सर्वसम्मत हुन नसक्ने विचार व्यक्त गरेका छन् । त्यसैले यो एउटा विकासोन्मुख र विवादास्पद अवधारणा हो ।[2] तर जतिसुकै विवादास्पद र अस्पष्ट भएतापनि प्रत्यक्ष रुपमा जनताको सुरक्षा र राष्ट्रिय सार्वभौमसत्तासँग सम्बन्धित भएकाले देश र जनताकालागि अत्यन्तै महत्वपूर्ण र सम्वेदनशील विषय हो ।

विगतमा सुरक्षाको परिभाषा राज्य केन्द्रित थियो । त्यसैले 'जबसम्म राज्य सुरक्षित रहन्छ, उक्त देशका नागरिकहरु सुरक्षित हुन्छन्' भन्ने सिद्धान्तमा जोड दिइयो । यद्यपि, शीतयुद्धको अन्त्यपश्चात सुरक्षासम्बन्धी नीति, धारणा र अभ्यासमा मौलिक परिवर्तन आएको पाइन्छ । सुरक्षालाई विस्तृत र व्यापक अवधारणाका रुपमा परिभाषित गर्दै राष्ट्रिय एकता र भौगोलिक अखण्डताका साथै जनताको सुरक्षा र आर्थिक विकासलाई समेत समेटिएको छ। यथार्थमा सुरक्षाले दुईवटा आधारभूत अवधारणाहरुलाई परिलक्षित गर्छ बाह्य खतराहरुबाट देशको अखण्डता र सम्प्रभुताको प्रतिरक्षा तथा मानव सुरक्षाको विस्तृत अवधारणा अन्तर्गत आफ्ना नागरिकहरुको सुरक्षा तथा मानवअधिकार सुनिश्चित गरी हरेक व्यक्तिले उत्पीडन, हिंसा, भोकमरी, गरिबी र रोगबाट मुक्त भई शान्त र भयमुक्त वातावरणमा बाँच्न पाउने अधिकार ।[3]

सुरक्षा राज्यको अस्तित्वसँग जोडिएको हुनाले भौगोलिक अखण्डता र सम्प्रभुताको प्रतिरक्षा तथा जनताको सुरक्षा कुनै पनि राज्यको प्रमुख दायित्व हो। राष्ट्रिय सुरक्षाका लागि बाह्य मात्रै होइन्, आन्तरिक चुनौतीहरु समेत हुन्छन् । त्यसैले हरेक देशको सुरक्षा अवस्था उक्त देशको बाह्य तथा आन्तरिक दुवै पक्षले निर्धारण गर्दछ। यद्यपि, उक्त बाह्य र आन्तरिक चुनौतीहरुको स्पष्ट रेखाङ्कन गर्न भने जटिल छ किनभने हरेक राष्ट्रको सुरक्षा आवश्यकता, चुनौती र सम्वेदनशीलता उक्त राष्ट्रको आर्थिक, सामाजिक, भौगोलिक, धार्मिक, राजनीतिक, वैदेशिक जस्ता बहुआयामिक पक्षहरुमा निर्भर रहन्छ ।

जनताको बाँच्ने र सुरक्षाको अधिकारलाई प्राथमिकता दिंदै संयुक्त राष्ट्रसङ्घले मानव सुरक्षालाई उच्च महत्व दिएको छ । उक्त अवधारणाअनुसार राज्यको भूमिका भौगोलिक अखण्डताको रक्षामा मात्र सीमित छैन, जनताको स्वतन्त्रता, मानवअधिकार, शान्ति सुरक्षा र सांस्कृतिक पहिचानको पनि सुनिश्चितता हुनु पर्छ । मानव सुरक्षा अवधारणाका अनुसार बाह्य सैन्य आक्रमण मात्र सुरक्षा चुनौती होइन्। आन्तरिक राजनीतिक र सामाजिक पक्षहरु, आर्थिक असुरक्षा, सांस्कृतिक चुनौती, गरिबी, बसाइँसराई र वातावरणीय विनास जस्ता पक्षहरुले पनि सुरक्षा चुनौती सिर्जना गरिरहेका छन् ।[4] त्यसैले आन्तरिक सुरक्षाको व्यवस्थापनद्वारा नै देशमा दीर्घकालीनरुपमा राष्ट्रिय स्वतन्त्रता, शान्ति सुरक्षा, सामाजिक तथा आर्थिक सम्बृद्धि र मानवअधिकारको रक्षा जस्ता सुरक्षाका विविध आयामको सुनिश्चतता सम्भव हुन्छ ।

## २. आन्तरिक सुरक्षाको उद्देश्य

कुनै पनि देशमा आन्तरिक सुरक्षाका उद्देश्यहरु प्रत्यक्षरुपमा राष्ट्र तथा नागरिकको सुरक्षासँग सम्बन्धित हुन्छन् ।

१ गल, डब्लु. बी., 'एसेन्सीयल्ली कन्टेस्टेड कन्सेप्ट,' एम ब्ल्याक (सं), *दी इम्पोर्टेन्स अफ ल्याङ्वेज,* प्रिन्सटन हल, इगलउड क्लीफ्स एनजेःप्रिन्सटन हल १९६२

२ बुजान, बेरी, पिपुल, *स्टेट्स एण्ड फियरः एन एजेण्डा फर इन्टरनेशनल सेक्युरिटी स्टडिज इन् दी पोस्ट-कोल्ड वार एरा,* दोस्रो संस्करण, हार्वेस्टर ह्विटसिफ, १९९१

३ ह्यामसन, फेन ओश्लर, *सेक्युरिटि, पोभर्टी इलेमिनेशन एण्ड सस्टेनेबल डेभेलपमेन्ट : चेन्जेज फर न्यू मिलेनियम इन म्याडनेस इन दी मल्टीच्युड : ह्युमन सेक्युरिटी एण्ड वर्ल्ड डिसअर्डर,* ओटावा, अक्सफोर्ड युनिभर्सीटी प्रेस, २०००

४ संयुक्त राष्ट्र सङ्घ विकास कार्यक्रम, मानव विकास प्रतिवेदन, न्यूयोर्क, अक्सफोर्ड युनिभर्सिटी प्रिन्टिङ प्रेस, १९९४



राष्ट्रिय एकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको रक्षा, मानवअधिकारको सम्मान, लोकतान्त्रिक मूल्य र मान्यताको सम्बर्द्धन, दिगो विकास, विधिको शासन र आन्तरिक द्वन्द्वबाट नागरिकको सुरक्षा जस्ता पक्षहरु कुनै पनि देशको आन्तरिक सुरक्षाको प्रमुख उद्देश्य हुन् । नेपालमा आन्तरिक सुरक्षाका प्रमुख उद्देश्यहरु निम्नानुसार छन् ।

- राष्ट्रिय सार्वभौमसत्ता र भौगोलिक अखण्डताको प्रतिरक्षा गर्ने
- समाजमा अपराध नियन्त्रण गरी आम नागरिकमा सुरक्षाको प्रत्याभूति दिलाउने
- विधिको शासन कायम गर्ने
- व्यक्तिगत स्वतन्त्रता, मौलिक हक, मानवअधिकार को संरक्षण, सम्मान र सम्बर्द्धन गर्ने
- भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गरी जनतामा न्यायोचित सेवा प्रवाह गर्ने

## ३. आन्तरिक सुरक्षाको संस्थागत र कानुनी व्यवस्था

### ३.१ गृह मन्त्रालय

आन्तरिक सुरक्षाको प्रमुख जिम्मेवारी बहन गरेको गृह मन्त्रालय शान्ति सुरक्षा कायम र बिपद् व्यवस्थापन गर्ने गराउने प्रमुख निकाय हो । २००८ मा देशमा शान्ति सुरक्षा कायम गरी जनताको स्वतन्त्रताको संरक्षण गर्ने उद्देश्यका साथ गृह मन्त्रालयको स्थापना भएको हो । जनताको माग र आधारभूत आवश्यकता अनुरुप गृह प्रशासन सञ्चालन गरी शान्ति सुरक्षा प्रदान गर्नु गृह मन्त्रालयको प्रमुख जिम्मेवारी हो ।[5] नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ मा गृह मन्त्रालयबाट सम्पादन हुने मुख्य कार्यहरु निम्नरुपमा उल्लेखित छन् ।[6]

- आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन
- शान्ति सुव्यवस्था कायम
- नेपाल प्रहरी
- सशस्त्र प्रहरी बल
- कारागार व्यवस्थापन
- राष्ट्रिय अनुसन्धान विभाग
- हातहतियार तथा खरखजानाको इजाजत र नियन्त्रण
- विस्फोटक पदार्थ नियन्त्रण
- विदेशी नागरिकको नियमन तथा नियन्त्रण
- आप्रवासन तथा प्रवासन
- लागू औषध नियन्त्रण र प्रशासन
- अन्तर्राष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा र सीमा प्रशासन
- सङ्गठित अपराध नियन्त्रण

### ३.२. केन्द्रीय सुरक्षा समिति

सशस्त्र प्रहरी ऐन २०५८ को दफा ७ ले, गृह मन्त्री अध्यक्ष रहने गरी केन्द्रीय सुरक्षा समितिको गठन गरेको छ । उक्त समितिमा गृह सचिव, रक्षा सचिव, नेपाली सेनाका बलाधिकृत, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख सदस्यका रुपमा रहन्छन् । यस समितिले मूलतः नेपाल सरकारलाई निम्न विषयहरुमा सुझाव दिन्छ :

- नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण
- नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र सङ्घर्ष नियन्त्रण
- नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतङ्ककारी गतिविधि नियन्त्रण
- नेपालको कुनै भागमा भएको वा हुन सक्ने दङ्गा नियन्त्रण

५ नेपाल सरकार, गृह मन्त्रालय, www.moha.gov.np

६ नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६४, www.moha.gov.np

- नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धार कार्य
- नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार वा अन्य कुनै किसिमको जघन्य तथा गम्भीर अपराध घटेमा वा गम्भीर प्रकृतिको अशान्ति भएमा वा हुने आशङ्का भएमा त्यसको नियन्त्रण
- सीमा सुरक्षा
- बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही कार्य गर्ने सम्बन्धमा
- नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा आदि ।

### ३.३. क्षेत्रीय सुरक्षा समिति

स्थानीय प्रशासन ऐन २०२८ को दफा ४ 'ग' बमोजिम पाँचवटै विकास क्षेत्रमा शान्ति सुरक्षा कायम गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले क्षेत्रीय प्रशासकको अध्यक्षतामा प्रत्येक क्षेत्रमा एउटा क्षेत्रीय सुरक्षा समिति रहने व्यवस्था गरिएको छ । समितिमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागको सम्बन्धित विकास क्षेत्र हेर्ने कार्यालयको प्रमुख सहितका सदस्यहरु रहन्छन् । सम्बन्धित क्षेत्रमा शान्ति सुरक्षा कायम गर्नका लागि क्षेत्रीय प्रहरी कार्यालयले क्षेत्रीय प्रशासनको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही कार्य गर्नु पर्छ । क्षेत्रीय प्रशासकले तल उल्लेखित भूमिका निर्वाह गर्छ :

- आफ्नो क्षेत्रभित्र शान्ति सुरक्षा कायम गर्ने
- शान्ति सुरक्षासम्बन्धी यथार्थ जानकारी नियमित रुपमा सरकारलाई गराउने
- प्राकृतिक विपद् तथा महामारी जस्ता विशेष परिस्थितिको नियन्त्रण र व्यवस्थापन गरी सुरक्षा स्थिति खलल हुनबाट बचाउने
- विकास क्षेत्र अन्तर्गतका विकास निर्माणको अनुगमन गरी विकासलाई सुरक्षासँग आवद्ध गराउने आदि ।

### ३.४. जिल्ला सुरक्षा समिति

देशको पचहत्तरै जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कार्यमा सहयोग पुऱ्याउन प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका स्थानीय कार्यालयको प्रमुखहरु सदस्य रहने स्थानीय प्रशासन ऐन २०२८ को दफा ७ बमोजिम जिल्ला सुरक्षा समिति गठन हुन्छ । जिल्लामा कुनै हिंसात्मक गतिविधि हुने आशङ्का रहेको वा जिल्लामा निषेधाज्ञा जारी गर्नु पर्ने अवस्थामा वा कुनै क्षेत्रमा जुलुस, भीड वा सङ्गठित समूहद्वारा हातहतियारको प्रयोग, सार्वजनिक सम्पत्ति तोडफोड जस्ता हिंसात्मक गतिविधिका कारण दङ्गाग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने सुरक्षाका दृष्टिले सम्वेदनशील परिस्थितिमा निर्णय लिनुपर्ने अवस्थामा नीतिगत-प्रक्रियागत विषयमा निर्णय लिने गरिन्छ । यसरी शान्ति सुरक्षा कायम गर्नुका साथै आन्तरिक सुरक्षाका चुनौतीहरुको अग्रिमरुपमा पहिचान गरी आवश्यक कदम चाल्न अनुकूल वातावरण सिर्जना गर्न सकिन्छ ।

## ४. सुरक्षा निकायहरुको क्षेत्राधिकार र भूमिका

आन्तरिक सुरक्षालाई असर पार्ने कारण र चुनौतीहरु धेरै छन् । ती चुनौतीहरुलाई समयमै एउटा निश्चित सकारात्मक विन्दूमा पुऱ्याउन सकेको खण्डमा त्यसले राष्ट्रिय सुरक्षामा असर पार्दैन । आन्तरिक सुरक्षालाई व्यवस्थापन गर्ने सुरक्षा निकायहरुमा मूलतः नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धन विभाग नै हुन् । तर सरकारका यी निकायहरुले उच्च स्तरको दक्षता र व्यावसायिकता प्रदर्शन गर्न नसकेकै कारणले राजनीतिक हस्तक्षेप सहनु परेको छ ।



### ४.१. नेपाली सेना

नेपाली सेना कानुनी राज्यको अवधारणाअनुरुप लोकतान्त्रिक मूल्यमान्यता र संरचनालाई आत्मसात् गर्दै देशको स्वतन्त्रता, राष्ट्रिय एकता, सार्वभौमसत्ता तथा भौगोलिक अखण्डताको रक्षा गर्ने भूमिका रहेको प्रमुख सुरक्षा निकाय हो ।[७] २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनको परिणामस्वरुप नेपालको सार्वभौमसत्ता तथा राज्यको स्रोत नेपाली जनतामा निहित रहेको हुँदा नेपाली सेनालाई जनताप्रति उत्तरदायी बनाउने उदेश्यले २०६३ मा सैनिक ऐन संशोधन गरियो । उक्त ऐनले - 'नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्रिय एकताको संरक्षण तथा प्रतिरक्षाका लागि नेपाली सेनाको स्थापना गऱ्यो' ।[८] आन्तरिक र बाह्य सुरक्षा चुनौतीको सामना गर्नका लागि नेपाली सेनाको भूमिका निम्न बमोजिम रहेको छ :

- देशको स्वतन्त्रता र सार्वभौमसत्ता कायम राख्ने र त्यसको रक्षा गर्ने
- बाह्य आक्रमणबाट देशलाई बचाउने
- देशको अखण्डता र भौगोलिक सिमानाको रक्षा गर्ने
- प्रकोप व्यवस्थापन तथा उद्धार कार्य गर्ने
- अन्तर्राष्ट्रिय शान्ति स्थापनामा सघाउ पुऱ्याउने
- नागरिक अधिकारको रक्षा र मानवअधिकारको संरक्षण गर्ने
- प्रहरीको नियन्त्रण बाहिरको स्थिति उत्पन्न भएमा आन्तरिक सुरक्षाको काममा सहयोग गर्ने
- राष्ट्रिय हित विपरीतका कार्य, हिंसात्मक तथा आतङ्ककारी गतिविधि हुन नदिने तथा आन्तरिक विद्रोह र विखण्डनका गतिविधिलाई निस्तेज पार्ने

### ४.२. नेपाल प्रहरी

अपराध नियन्त्रण गरी विधिको शासन स्थापना गर्ने उदेश्यले नेपाल प्रहरीको स्थापना गरिएको हो ।[९] त्यसैले कानुनी शासनको पालना, मानवअधिकारको सम्मान, अपराध नियन्त्रण र शान्ति तथा सामाजिक सद्भाव कायम राख्ने दायित्व भएको प्रहरीले समाजमा भयरहित वातावरण सिर्जना गरी शान्ति सुरक्षा सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । नेपाल प्रहरीको भूमिकालाई नेपाल सरकारले निम्नानुसार परिभाषित गरेको छ ।

- समाजमा शान्ति सुरक्षा कायम राख्ने
- मानवअधिकारको संरक्षण र सम्बर्द्धन
- सङ्गठित अपराध नियन्त्रण गर्ने
- आतङ्ककारी क्रियाकलाप, उग्रवाद, सशस्त्र गतिविधि नियन्त्रण र रोकथाम गर्ने
- शान्ति सुरक्षा तथा कानुन कार्यान्वयन तथा अनुगमन गर्ने
- अपराध नियन्त्रण र अनुसन्धान गर्ने
- प्राकृतिक प्रकोप वा बिपद्का समयमा सुरक्षा, उद्धार र राहत कार्य गर्ने
- सर्वसाधारणको जीवन रक्षार्थ ट्राफिक कानुन कार्यान्वयन, अनुगमन, नियन्त्रण र व्यवस्थापन गर्ने ।[१०]

### ४.३. सशस्त्र प्रहरी बल

सशस्त्र प्रहरी बल देशमा शान्ति सुव्यवस्था कायम गर्ने र भयरहित वातावरण सिर्जना गराउने अर्को

७ राई, इन्द्रजीत, 'सङ्घीय संरचनामा सुरक्षा निकायको भूमिका र अन्तरसम्बन्ध', भट्टराई, राजन र वाग्ले, गेजा एस. (सं), *नेपालको सुरक्षाका नयाँ चुनौती*, नेपाल नीति अध्ययन प्रतिष्ठान, २०६७

८ सैनिक ऐन २०६३

९ *सार्वजनिक सुरक्षाका समस्या र समाधान*, नेपाल नीति अध्ययन प्रतिष्ठान, २०६८

१० नेपाल प्रहरी, हेर्नुहोस, www.nepalpolice.gov.np

महत्वपूर्ण निकाय हो । बढ्दो आन्तरिक सशस्त्र द्वन्द्व नियन्त्रण र हिंसात्मक गतिविधिबाट जनता र राष्ट्रको रक्षार्थ तथा शान्ति सुव्यवस्था कायम गर्ने उदेश्यले २०५८ मा सशस्त्र प्रहरी बलको स्थापना भएको हो ।[११] यसले नेपाल प्रहरीलाई आन्तरिक सुरक्षा तथा कानुन कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउँछ । सशस्त्र प्रहरी बललाई विशेषतः आन्तरिक विद्रोह, सीमा सुरक्षा, हिंसा र अपराध नियन्त्रणको विशेष जिम्मेवारी दिइएको छ । आन्तरिक सुरक्षा चुनौतीको सामना गर्नका लागि सशस्त्र प्रहरी बल ऐनमा निम्न भूमिका समावेश गरिएको छ ।

- देशभित्र हुने आतङ्कवादी गतिविधि नियन्त्रण गर्ने
- दङ्गा, सशस्त्र विद्रोही, पृथकतावादी र विखण्डनवादी क्रियाकलाप नियन्त्रण गर्ने
- धार्मिक कट्टरता र जातीयता वा अन्य कुनैपनि कारणले उब्जने हिंसात्मक गतिविधि नियन्त्रण गर्ने
- शान्ति सुरक्षामा खलल पार्ने कुनैपनि किसिमको देशभित्रको सशस्त्र गतिविधि नियन्त्रण गर्ने
- देशको सिमाना सुरक्षा गर्ने र सीमा क्षेत्रमा हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्ने
- बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही राष्ट्रिय सर्वभौमिकताको रक्षार्थ सहयोग गर्ने
- नेपाल सरकारद्वारा निर्धारित महत्वपूर्ण सार्वजनिक प्रतिष्ठानहरु, भौतिक संरचनाहरु, कारागार, औद्योगिक प्रतिष्ठान, पूर्वाधार तथा अन्य महत्वपूर्ण स्थलको संरक्षण गर्ने
- प्राकृतिक प्रकोप, महामारी तथा बिपद् व्यवस्थापनमा अग्रणी भूमिका निर्वाह गर्ने र पीडितहरुलाई राहत उपलब्ध गराउन सहयोग गर्ने,
- नागरिकको सुरक्षा तथा मानवअधिकारको संरक्षण गर्ने ।[१२]

### ४.४. राष्ट्रिय अनुसन्धान विभाग

राज्यको सुरक्षा र राष्ट्रहित संरक्षणका लागि सुरक्षासँग सम्बन्धित सूचनाको विश्लेषण गरी राज्यलाई उपलब्ध गराउने भएकोले अनुसन्धान विभागलाई देशको मेरुदण्डका रुपमा हेर्ने गरिन्छ । राष्ट्रिय अनुसन्धान विभागको मुख्य उद्देश्य राष्ट्रिय सुरक्षा तथा राष्ट्रिय स्वार्थ र कानुनविरुद्ध हुन लागेका गतिविधिको सूचना सङ्कलन गर्नु हो । यसले आन्तरिक सुरक्षामा प्रभाव पार्ने आतङ्कवाद, लागू पदार्थ दुरुपयोग तथा अवैध ओसारपसार, सङ्गठित अपराध, गैरकानुनी बसाईँसराई जस्ता गतिविधिबाट उत्पन्न आन्तरिक सुरक्षा चुनौतीहरुलाई सम्बोधन गर्न उपयुक्त सूचना प्रदान गर्दछ । २००८ मा केन्द्रीय गुप्तचर विभागका रुपमा स्थापित यस संस्था २०४७ सालमा राष्ट्रिय अनुसन्धान विभागको रुपमा नामाकरण भएको हो । आन्तरिक सुरक्षाका सन्दर्भमा राष्ट्रिय अनुसन्धान विभागले निम्नलिखित भूमिका निर्वाह गर्दछ ।

- कानुन विपरीत क्रियाकलाप गर्ने व्यक्ति तथा समूह र राष्ट्रको आन्तरिक तथा बाह्य सुरक्षामा देखा पर्न सक्ने विभिन्न चुनौतीका सम्बन्धमा समयमै सूचना सङ्कलन गरी सरकारलाई अवगत गराउने
- सूचना सङ्कलन, प्रशोधन, वर्गीकरण गर्ने र सरकारलाई समयमै ठोस सूचना सम्प्रेषण गर्ने
- सङ्गठित अपराध र आतङ्कवादबाट सुरक्षा व्यवस्थापनमा पर्न सक्ने प्रभावबारे सरकारलाई जानकारी गराउने
- आन्तरिक र बाह्य सुरक्षा रणनीति कार्ययोजना बनाउन र देशमा शान्ति, सद्भाव कायम राख्नका लागि कानुन विपरीतका राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, साम्प्रदायिक गतिविधिबारे समयमै जानकारी प्राप्त गरी सरकारलाई उपलब्ध गराउने

११ सशस्त्र प्रहरी बल ऐन २०५८
१२ उही



## ५. आन्तरिक सुरक्षाका चुनौतीहरु

सुरक्षाको आकार र आयतनको स्पष्ट खाका हुँदैन । यद्यपि यसका चुनौतीहरुको पूर्वानुमान गर्न सकिन्छ । आज देखा नपरेका सुरक्षा चुनौती भविष्यमा देखा पर्न सक्छन् भने आजको परिदृश्यमा देखा परेका सुरक्षा चुनौती भविष्यमा हराएर जान सक्छन् । सुरक्षा चुनौती समय सापेक्ष हुन्छ, जसको निर्धारण तत्कालीन राजनीतिक, आर्थिक, सामाजिक र मानव स्वभावले गर्दछ । त्यसैले सम्बन्धित सरकारी निकाय र सरोकारवालाहरुले यस बारेमा नीतिगत, संस्थागत प्रक्रियागत र व्यवस्थापकीय पक्षमा ध्यान दिएर सोही बमोजिम चरणबद्ध रुपमा आन्तरिक सुरक्षा चुनौतीको सामना गर्नु जरुरी हुन्छ । अन्ततः कुनै पनि प्रकारको त्राश र अभावबाट नागरिकहरुलाई मुक्त गर्न सक्नु नै वास्तविमा आन्तरिक सुरक्षाको प्रबन्ध गर्नु हो ।

आपराधिक तथा सशस्त्र गतिविधि, आतङ्कवाद, जातीय, धार्मिक तथा साम्प्रदायिक द्वन्द्व, बसाईँसराई तथा आप्रवासन, गरिबी, भोकमरी, प्राकृतिक प्रकोप, मानव निर्मित बिपद् जस्ता विभिन्न आन्तरिक र बाह्य तत्वहरुले देशको आन्तरिक सुरक्षामा चुनौती सिर्जना गर्दछन् । बढ्दो शहरीकरण, प्रविधिको सहज पहुँच, मुद्रास्फीति जस्ता सामाजिक-आर्थिक तत्वहरुले समेत प्रत्यक्ष-अप्रत्यक्षरुपमा आन्तरिक सुरक्षामा प्रभाव पारेका हुन्छन् । नेपालका आन्तरिक सुरक्षा चुनौतीहरुलाई निम्नरुपमा व्याख्या गरिएको छ ।

### ५.१ मानव व्यवहारजन्य चुनौती

हरेक देशका नागरिक सुरक्षित रहन चाहन्छन् । तर राष्ट्रहितलाई सर्वोपरी नठान्ने केही व्यक्तिको सङ्कुचित मनोविज्ञान र मानव व्यवहारजन्य क्रियाकलापले आन्तरिक सुरक्षा अवस्था निर्धारणमा चुनौती सिर्जना गरिरहेको हुन्छ जसमध्ये केही तल उल्लेखित पर्दछन् ।

- कानुनको अवहेलना गर्ने, कानुन हातमा लिने र कानुनको अनभिज्ञता जाहेर गर्ने
- दण्डहीनताको संस्कार
- भ्रष्टाचार, आर्थिक अनियमितता तथा राजश्व चुहावटका लागि अप्राकृतिक गठबन्धन
- साम्प्रदायिक सोच एवम् व्यवहारबाट सामाजिक सद्भावमा पर्न सक्ने असर
- हिंसात्मक सशस्त्र गतिविधि तथा उग्रवादी सोच र व्यवहार
- अन्तर्राष्ट्रिय आङ्तकवाद तथा समाजमा त्यसबाट फैलिएको असुरक्षाको भावना जस्ता मानवको व्यवहार र सोचजन्य कारण
- जासुसी ऐनको व्यवस्था बर्खिलापका कार्य- जासुसी ऐन २०१८ को दफा ३ अनुसार -'कुनै व्यक्तिले नेपाल राज्यभित्र वा बाहिर नेपाल राज्यको हित वा सुरक्षामा कुनै प्रतिकूल प्रभाव पार्ने उद्देश्यले वा कुनै विदेशी राज्यको हितको लागि त्यस्तो विदेशी राष्ट्रबाट कुनै किसिमको प्रलोभन प्राप्त गरी वा नगरी कुनै व्यक्तिलाई आफ्नो देशको सैनिक स्थिति, सामरिक व्यवस्था वा आन्तरिक सुरक्षाको व्यवस्थाको सूचना दिएमा वा सो दिन उद्योग गरेमा वा दुरुत्साहन दिएमा वा त्यस्तो सूचना दिने उद्देश्यले सामग्री एकत्रित गरेमा वा त्यस्तो सूचना पाओस् भन्ने उद्देश्यले कुनै काम सुलभ पारिदिएमा वा सुलभ पारिदिनेतर्फ उद्योग गरेमा त्यस्तो व्यक्तिले जासुसी कसुर गरेको मानिनेछ' ।

यसैगरी सोही ऐनमा -'कुनै व्यक्तिले नेपाल राज्यभित्र वा बाहिर नेपालको हित वा सुरक्षामा कुनै प्रतिकूल प्रभाव पार्ने उद्देश्यले वा कुनै विदेशी राष्ट्रको हितको लागि त्यस्तो विदेशी राष्ट्रबाट कुनै किसिमको प्रलोभन प्राप्त गरी वा नगरी कुनै व्यक्तिलाई नेपाल सरकारको तर्फबाट गोप्य राखिएको कुनै कूटनीतिक लेखोट वा अन्य कुनै गोप्य सरकारी कागजातसम्बन्धी लेखोटको सूचना दिएमा वा सो दिन उद्योग गरेमा वा त्यस्तो सूचना दिन दुरुत्साहन दिएमा त्यस्तो व्यक्तिले जासुसी गरेको मानिनेछ' भनी स्पष्ट व्यवस्था

गरेको छ। त्यसैले जासुसी ऐनको व्यवस्था बर्खिलापका कार्यले आन्तरिक सुरक्षालाई कमजोर पार्न सक्ने सम्भावना प्रवल रहन्छ। तर यस किसिमको जासुसी गरेको प्रमाण जुटाउन कठिन हुने गर्छ।

कूटनीतिक अहोदामा बसेका व्यक्तिहरुले विदेशी प्रतिनिधिहरुसँग व्यक्तिगत तथा संस्थागत भेट गर्दा कूटनीतिक मर्यादाको ख्याल नगरी सुरक्षा निकाय, त्यसको क्षमता र नेपाल सरकारले गर्ने कुनै पनि निर्णयको गोपनियताको सम्वेदनशीलतालाई नबुझि त्यसबारेमा अभिव्यक्ति दिंदा नेपालको सुरक्षा सूचना प्रवाहित हुन्छ। यसप्रति सम्बन्धित निकाय, व्यक्ति, राजनीतिक दल, नागरिक समाज आदि सबै सरोकारवालाहरुको विशेष ध्यानाकर्षण हुनु जरुरी छ।

## ५.२ कमजोर आर्थिक अवस्था

नेपालको सुरक्षामा नकारात्मक प्रभाव पार्ने दोस्रो प्रमुख पक्ष आर्थिक अवस्था हो। विश्वमा भइरहेको द्रुत विकासको चेतना भएका नेपाली नागरिक बढ्दो आय, शिक्षा, स्वास्थ्यका साथै समाज तथा आफ्नो राज्यका नीतिहरु तथा आन्तरिक सुरक्षा सुनिश्चिततामा बढी हिस्सा खोजिरहेका हुन्छन्। तर सशस्त्र द्वन्द्वको अन्त्यपश्चात पनि सरकारको ध्यान शान्ति स्थापना र नयाँ संविधान निर्माणमा केन्द्रित रहँदा देशको अर्थतन्त्र सुदृढ पार्ने दिशामा ठोस काम हुन सकेको छैन। तलको तालिकाले नेपालको विगत पाँच वर्षको आर्थिक अवस्थाको तथ्याङ्क प्रस्तुत गर्दछ।

**तालिका -१ नेपालको आर्थिक अवस्था**

| क्र.सं | विवरण | ०६६/०६७ | ०६७/०६८ | ०६८/०६९ | ०६९/०७० |
|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धि दर | ४.३ | ३.९ | ४.५ | ३.६ |
| २ | कृषि क्षेत्रको वृद्धि दर | २.० | ४.५ | ५.० | १.३ |
| ३ | गैर कृषि क्षेत्रको वृद्धि दर | ५.४ | ३.६ | ४.२ | ५.० |
| ४ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | २५.४ | २५.२ | २४.४ | २३.८ |
| ५ | रोजगारी वृद्धि दर | ३ | २.९ | २.९ | २.९ |
| ६ | प्रतिव्यक्ति राष्ट्रिय आय(अमेरिकी डलर) | - | - | - | ७२१ |

**स्रोत**-तेर्हौं योजना (२०७०/०७१-२०७२/०७३) को आधारपत्र

### ५.२.१. गरिबी

गरिबीका कारण मानिसहरु बाध्यात्मक रुपमा आपराधिक क्रियाकलापमा संलग्न हुन पुग्छन्। गरिबीकै कारण मानिस हिंसा वा विद्रोहमा सहभागी हुन्छन्। नेपाल र नेपाली जनताको आर्थिक स्थिति दिन प्रति दिन कमजोर बन्दै गएको छ। विगत चार वर्षमा करीब ४ प्रतिशतले आर्थिक वृद्धि भएको छ। तर नेपालको अर्थतन्त्रको प्रमुख आधार तथा सर्वाधिक सङ्ख्यामा जनता निर्भर रहेको कृषि क्षेत्रको वृद्धि दर औसत ३.२ प्रतिशत भन्दा बढ्न सकेको छैन। गरिबीको रेखामुनि रहेको जनसङ्ख्या अहिले २३.८ प्रतिशतमा झरेको छ। यद्यपि १२ महिना दुवै छाक खान नपुग्नेहरुको सङ्ख्यामा उल्लेख्यरुपमा कमी आउन सकेको छैन। त्यसैले नेपालमा धेरै मानिस गरिबीको सङ्घारमा उभिएका छन् र सानो कम्पन मात्रले पनि उनीहरु थप गरिबीमा भासिन सक्छन्। त्यसैले आन्तरिक सुरक्षामा चुनौती थपिन सक्छ।

### ५.२.२. बेरोजगारी

प्रत्येक वर्ष करिब चार लाख नेपाली श्रम बजारमा प्रवेश गर्छन्। जबकि देशभित्र सिर्जित रोजगारीको अवसर त्यसको एक तिहाइ मात्र छ।[13] करिब २.९ प्रतिशतले मात्र रोजगारी वृद्धि भएको छ, जबकि बजारमा कूल जनसङ्ख्याको ३० प्रतिशत व्यक्ति बेरोजगार वा अर्द्ध बेरोजगारको अवस्थामा छन्। देशभित्र पर्याप्त रोजगारीका अवसरहरु नभएकाले दैनिक १५०० व्यक्ति रोजगारीका लागि विदेसिनु परेको छ।[14] 'राज्यले उपलब्ध गराउने सुविधा पनि असमान रुपमा वितरण भएको छ, रोजगारीका अवसर पनि समान छैन। विशेषगरी बेरोजगारीका कारण काम गर्न योग्य उमेर समूहका नागरिकहरुको आर्थिक अपराध, चोरी, डकैती, अपहरण, यौन अपराध, लागू पदार्थ दुर्व्यसन, कालोबजारी जस्ता गतिविधिमा संलग्नता बढ्दा देशको आन्तरिक सुरक्षामा गम्भीर असर पर्छ।

१३ खतिवडा, युवराज, 'गरिबीः मानव सुरक्षाको चुनौती', उप्रेती विआर, भट्टराई आर, वाग्ले जिएस (सं), *नेपालमा मानव सुरक्षाः अवधारणा, बहस र चुनौतीहरु*, नेपाल नीति अध्ययन प्रतिष्ठान र एनसिसिआर नर्थ-साउथ, दक्षिण एसिया संयोजन केन्द्र, २०६९



## ५.३ राजनीतिक स्थिति

### ५.३.१. राजनीतिक अस्थिरता

राजनीतिक अस्थिरता विद्यमान समस्याको मुख्य कारण हो। आन्तरिक सुरक्षाको विषय देशको राजनीतिक एवम् सामाजिक परिवर्तनसँग अभिन्नरुपमा जोडिएको विषय हो। विगतको राजनीतिक तरलता, सुशासनको खस्कँदो अवस्था तथा लम्बिँदो सङ्क्रमणकालका कारण जनतालाई आधारभूत सुरक्षा प्रदान गर्ने कार्यमा रिक्तता सिर्जना भएको छ। जनताका लागि सुरक्षा प्रदान गर्न, कानुनी राज्य तथा शान्ति सुव्यवस्था कायम गर्न तथा विकास प्रक्रिया सञ्चालन गर्ने कार्यमा सरकारहरु अपेक्षाकृत असफल भएका कारण नै देशको सुरक्षा अवस्था कमजोर भएको तथा अतिवादीहरुलाई आफ्नो शक्ति तथा चलखेल वृद्धि गर्दै आफ्ना उद्देश्य अघि बढाउने मौका प्राप्त भएको छ। आन्तरिक सुरक्षामा चुनौती सिर्जना गर्ने विद्यमान सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक र सामुदायिक तनावको स्थितिमा वृद्धि हुनुको कारण राजनीतिक अस्थिरता नै हो।

### ५.३.२. कमजोर शासन

कमजोर शासन व्यवस्थाका कारण जनता र सरकारको बीचमा ठूलो खाडल देखिएको छ। सरकारप्रति जनतामा विश्वास घट्दो छ र राजनीतिज्ञहरु आलोचित छन्। यस्तो अविश्वासको वातावरणमा शान्ति सुरक्षा स्थापना गर्नु गराउनु कठिन कार्य हो।

### ५.३.३. मौलिक हक र अधिकारको प्रयोगको नाममा कानुन हातमा लिने प्रवृत्ति

आफ्नो मौलिक हक प्राप्तिको लागि सङ्घर्ष गर्ने नाममा कानुनी शासनको अवधारणालाई अवज्ञा गर्ने संस्कारले शान्ति सुरक्षा कायम गर्न कठिनाई उत्पन्न हुन्छ। उद्योग, कलकारखानाहरुमा हुने गरेको ट्रेड युनियनहरुको हड्ताल, विश्वविद्यालयहरुमा हुने तालाबन्दी, शैक्षिक संस्थाहरु बन्द गरी दबाब सिर्जना गर्ने, सडक सङ्घर्ष, चक्काजाम, धर्ना जस्ता कार्यहरुले आन्तरिक सुरक्षामा असर पार्दछन्। आफ्नो हक अधिकारका लागि शान्तिपूर्ण रुपमा दबाब सिर्जना गर्नु स्वभाविक भएपनि दबाबका अन्य स्वरुप हिंसात्मक घटनातर्फ मोडिने सम्भावना प्रवल रहन्छ।

### ५.३.४. राजनीतिक दलका गतिविधि

कतिपय राजनीतिक दलका कार्यशैली तथा गतिविधिहरु कतिपय अवस्थामा आन्तरिक सुरक्षाका दृष्टिले चुनौतीपूर्ण बन्ने गरेका छन्। बन्द, हड्ताल, कानुनको अवज्ञा, अपराधीहरुलाई संरक्षण गर्ने जस्ता प्रवृत्तिले शान्ति सुरक्षामा थप जटिलता सिर्जना गर्छन्। केही राजनीतिक दल र आपराधिक तथा सशस्त्र समूहबीचको अप्राकृतिक गठबन्धनले पनि शान्ति सुरक्षा व्यवस्थापनमा समस्या सिर्जना गरेको छ। नेकपा-माओवादीले दोस्रो संविधानसभाको निर्वाचन बहिष्कारको नाममा पेट्रोल बम प्रहार गर्दा दुई जना नागरिकको मृत्यु भयो भने धेरै मानिस घाइते भएका थिए।

### ५.३.५. सशस्त्र समूह

सशस्त्र समूहहरुको आपराधिक तथा गैरकानुनी गतिविधि अर्को चुनौतीको रुपमा देखिएको छ। विशेषगरी अपराधीहरु

१४ उही

सीमा क्षेत्रमा आपराधिक कार्य गरी अर्को देशमा आश्रय लिने प्रवृत्तिले अपराध अनुसन्धानमा समस्या र जटिलता सिर्जना भएको छ। पछिल्लो समय देखिएको सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक र सामुदायिक विषमताका कारण नेपालमा हिंसात्मक गतिविधिहरुले विस्तार हुने अवसर पाए। यस अतिरिक्त सशस्त्र समूहहरुको धम्की, जबर्जस्ती चन्दा सङ्कलन, रकम असुली, अपहरण, गैरन्यायिक हत्या तथा मानवअधिकार हनन् जस्ता आपराधिक क्रियाकलापमा सशस्त्र समूह संलग्न हुनाले देशको आन्तरिक सुरक्षामा चुनौती थपिएको छ । सशस्त्र समूहहरुको यस्ता आपराधिक तथा गैरकानुनी गतिविधिले हिंसा, भय र आतङ्कलाई बढावा दिन्छन् र आम जनतामा असुरक्षाको भावना कायम रहन्छ । विशेषगरी नेपालको तराईमा सशस्त्र समूहहरु क्रियाशील छन्। नेपालमा जातीयतामा आधारित सशस्त्र समूहहरुको वृद्धिका कारण समुदाय र समूहहरुबीच हिंसाको सम्भावना बढ्दै गएको छ।

### ५.३.६. सीमापार अपराध

खुला सिमाना नेपालको आन्तरिक सुरक्षामा असर पार्ने अर्को जटिल पक्ष हो। नेपाल-भारत बीच रहेको आर्थिक-सामाजिक सम्बन्ध र सीमा क्षेत्रमा बसोबास गर्ने दुवै देशका नागरिक बीचको आपसी निर्भरता हेर्दा खुला सिमानाले द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाएको छ। तर सुरक्षाको दृष्टिकोणले हेर्दा खुला सिमानाका कारण आपराधिक गतिविधि र अवैध हातहतियारको व्यापारको कारण सीमापार अपराधले प्रश्रय पाएको छ। खुला सीमाका कारण हतियार भारतबाट नेपाल निर्यात हुने गर्दछन् र अपराधीहरु समेत निर्वाधरुपले आवतजावत गर्छन्। दुवै देशहरुबीच सीमापार गर्ने हरेक व्यक्तिको अभिलेख राख्ने र परिचयपत्रको जाँच गर्ने अभ्यास भएपनि सीमा क्षेत्रका जाँच पोष्टहरुमा प्रभावकारी कार्यान्वयन भएको देखिँदैन। नेपालमा पछिल्लो समय देखिएका सीमापार अपराधका प्रकार निम्न रहेका छन्।

- व्यावसायिक हत्या (professional murder)
- लागूऔषध ओसारपसार (drug trafficking)
- चेलीबेटी बेचबिखन (girls trafficking)
- विस्फोटन (explosion)
- वेश्यावृत्ति (prostitution)
- अपहरण (kidnapping)
- जबर्जस्ती असुली (extortion)
- हातहतियार तस्करी (arms smuggling)
- जाली नोट तस्करी (fake currency)
- सवारी साधनको चोरी निकासी (car–jacking)
- साइबर अपराध (cyber crime)
- सम्पत्ति शुद्धिकरण (money laundering)
- अवैध बसाइँसराई (illegal migration)
- उत्पादित वस्तु, प्राकृतिक स्रोत र खनिज पदार्थको चोरी निकासी (smuggling of goods minerals and natural resources)
- कृषि उत्पादनको चोरी निकासी (smuggling of agro–products)

आपराधिक घटनामा विज्ञान र प्रविधिको प्रयोग बढेको छ। पछिल्ला प्रविधि र सामाजिक सञ्जालहरुको दुरुपयोग गर्दै हातहतियार, विस्फोटक पदार्थको अवैध कारोबार एवम् गम्भीर प्रकृतिका आपराधिक घटनाहरु घटाउने, लूटपाट, चन्दा आतङ्क, गुण्डागर्दी, धम्की एवम् हिंसात्मक क्रियाकलापमा संलग्न व्यक्तिहरु समेत आन्तरिक सुरक्षाका लागि चुनौतीका रुपमा देखा परेका छन्।

तराई-मधेशका १३ वटा जिल्लामा विगत तीन वर्षमा ६,१९२ आपराधिक घटना घटेको अभिलेख रहेको छ। हात-हतियार, अपहरण, लागु औषध र हत्या जस्ता आपराधिक गतिविधिहरुको विश्लेषण गर्दा हत्या र लागू औषधसम्बन्धी कारोबारका घटनाहरुको सङ्ख्या बढी



**तालिका-२ खुला सिमाना रहेका केही जिल्लामा अपराधको स्थिति (०६७-०६८ देखि ०६९-०७० सम्म)**

| क्र.सं | जिल्ला | हातहतियार | अपहरण | लागू औषध | हत्या | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | मोरङ | ६३ | १६ | २७९ | ३०१ | ६५९ |
| २. | सुनसरी | ४४ | १३ | २३६ | ४०४ | ६९७ |
| ३. | सप्तरी | २९ | २५ | ४३ | २२५ | ३२२ |
| ४. | सिराहा | ४८ | १५ | ५५ | १९४ | ३१२ |
| ५. | धनुषा | ५० | ११ | १५६ | २९६ | ५१३ |
| ६. | महोत्तरी | ३१ | १७ | ५१ | १९० | २८९ |
| ७. | सर्लाही | ५० | ५ | ७१ | २०० | ३२६ |
| ८. | रौतहट | ३७ | १५ | ४५ | १२३ | २२० |
| ९. | बारा | २५ | ९ | ९६ | १६८ | २९८ |
| १०. | पर्सा | ३४ | ४ | ७३४ | १२६ | ८९८ |
| ११. | नवलपरासी | १४ | ३ | ५४ | ३२६ | ३९७ |
| १२. | रुपन्देही | २१ | ७ | ५९० | ४०३ | १०२१ |
| १३. | कपिलबस्तु | २४ | २ | ८६ | १२८ | २४० |
| | जम्मा | ४७० | १४२ | २४९६ | ३०८४ | ६१९२ |

**स्रोत-**हिमाल, २३ भदौ २०७०

देखिएको छ । मूलतः छिमेकी देशसँग खुला सिमाना भएको कारणले अपराधीहरुको आवतजावत सहज हुने र साना हातहतियार गन्तव्य स्थलसम्म पुऱ्याउन सहज हुने गर्छ। गृह मन्त्रालयको तथ्याङ्कअनुसार २०६७ मा ४२९, २०६८ मा ४१५ र २०६९ मा २७५ गरी जम्मा १,११९ हातहतियार सम्बन्धी घटनाहरु भएका छन् । उपरोक्त तथ्याङ्कलाई विश्लेषण गर्दा माथि उल्लेखित जिल्लामा प्रति जिल्ला ३६.१५% को दरले हातहतियार सम्बन्धी घटना हुने गर्दछन् भने उपरोक्त जिल्ला बाहेकका अन्य ६२ जिल्लामा जम्मा ६४९ घटना घटेको र प्रति जिल्लामा यसको दर १०.४६% रहेको भेटिन्छ।

जसरी नेपाल र भारतबीचमा रहेको खुला सिमानाका कारण आपराधिक गतिविधिहरु हुने गर्छन्, त्यसैगरी नेपाल र चीनको सीमा क्षेत्रमा पनि आपराधिक क्रियाकलाप हुने गरेका छन् । नेपाल-चीन सम्बन्ध सौहार्दपूर्ण रहे पनि चीनको स्वशासित क्षेत्र तिब्बतबाट नेपालमा हुने मानव तस्करीसम्बन्धी घटनाहरुले द्विपक्षीय सम्बन्धमा नकारात्मक असर पार्न सक्ने सम्भावना छ। सीमा क्षेत्र हुँदै नेपाल भित्रिएका तिब्बतीहरु नेपालमा शरण खोज्ने र उनीहरुलाई अन्तर्राष्ट्रिय संस्थाहरुबाट समेत परोक्ष रुपमा सहयोग र समर्थन रहने हुँदा दुई देशबीच कटुता उत्पन्न हुने अवस्था रहेको छ। मानव तस्करी, भ्रष्टाचार, उत्पादित वस्तु र प्राकृतिक सम्पदाको चोरी निकासी, सुनको चोरी पैठारी जस्ता अवाञ्छित गतिविधिहरु नेपालको उत्तरी सिमानामा हुने गरेको पाईन्छ।

### ५.३.७. भूमिगत तथा सशस्त्र सङ्गठन

२०६३ पछि धेरै भूमिगत सङ्गठनहरु स्थापना भए। २०६६ को गृह मन्त्रालयको अभिलेखअनुसार १०८ भूमिगत तथा सशस्त्र सङ्गठनहरु क्रियाशील थिए । तत्कालीन राजनीतिक सङ्क्रमणबाट लाभ उठाउने क्रममा विभिन्न भूमिगत सङ्गठनहरु खुला सिमानाको दुरुपयोग गर्दै अवैध हातहतियार, विस्फोटक पदार्थ ओसारपसारलगायत कुटपीट,

लुटपाट, धम्की, अपहरण, चन्दा सङ्कलन, फिरौती, हत्या समेतका घटनाहरुमा संलग्न भएका थिए । त्यस्ता गतिविधिहरुलाई निरुत्साहित गरी नागरिकमा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउने उद्देश्यले सरकारले 'शान्ति सुरक्षाको प्रभावकारिता, दण्डहीनताको अन्त्य तथा मानवअधिकारको रक्षाका लागि विशेष कार्यक्रम २०६६' लागू गरेपछि उल्लेखनीय सफलता हाँसिल गरेको थियो । विभिन्न समयमा भूमिगत सङ्गठनसँग वार्ता गरी उनीहरुलाई राजनीतिक मूलधारमा ल्याउने सरकारी प्रयासले सङ्गठित अपराध न्यूनीकरण गरेतापनि पूर्ण नियन्त्रणमा नआएको ले उनीहरुको गतिविधि सुरक्षाका दृष्टिले चुनौतीपूर्ण छन् । यसरी अझै पनि धेरै भूमिगत गिरोहहरु सक्रिय रुपमा गैर कानुनी गतिविधि सञ्चालन गरिरहेका छन् ।

### ५.३.८. द्वन्द्वकालीन हतियार

सशस्त्र द्वन्द्वका क्रममा बन्दुक, पेस्तोल, जमिनमुनि राखिने विस्फोटक पदार्थ, प्रेसर कुकर बम तथा अन्य साना हातहतियार स्थानीय स्तरमा प्रयोग भएका थिए ।[१५] २०६८ असार २९ मा संयुक्त राष्ट्रसङ्घले नेपाललाई बारुदी सुरुङ मुक्त देश घोषणा गरेको भएतापनि द्वन्द्वका अवधिमा व्यक्तिगत तथा समुदायको सुरक्षाका लागि केही नागरिकहरुले समेत हतियार प्रयोग गरेकोले हतियारको सरल उपलब्धता र सर्वसाधारणको स्वामित्वले सुरक्षा स्थितिमा पार्न सक्ने असरलाई मध्यनजर गर्दै नेपाल सरकारले २०६९ फागुन १७ गते गैरकानुनी रुपमा रहेका अवैध हातहतियारहरु सुरक्षा निकायमा बुझाउन विज्ञप्तिमार्फत् अनुरोध गरेको थियो ।[१६] परिणामस्वरुप बैशाख मसान्तसम्म देशभरबाट ५,४९८ साना हातहतियार सङ्कलन भएको थियो ।[१७] दोस्रो संविधान सभा निर्वाचनको घोषणापश्चात् 'नेकपा-माओवादीसँग अझै हतियार रहेको ले चुनाव बहिष्कारका क्रममा त्यसको प्रयोग हुन सक्ने' आशङ्का गरिएको थियो ।[१८] २०७० भदौ ३० गते जाजरकोट सदरमुकाम नजिकको जङ्गलमा फेला परेका ७० थान थ्री नट थ्री राइफल र एउटा मोटारले उपरोक्त वास्तविकतालाई थप पुष्टि गर्छ । यद्यपि संविधानसभाको निर्वाचनमा यी हतियारहरुको प्रयोग भएको पाइएन । तर भविष्यमा यस्ता द्वन्द्वकालीन हतियारको दुरुपयोग हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन ।

### ५.३.९. शान्ति प्रक्रिया समापन प्रतिको असन्तुष्टी

२०६३ मङ्सिर ५ मा नेपाल सरकार र नेकपा (माओवादी) ले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि संविधानसभाको निर्वाचनपश्चात् छ महिनाभित्र शान्ति प्रक्रिया पूरा गर्ने र दुई वर्षभित्र नयाँ संविधान बनाउने घोषणा गरेका थिए । तर शान्ति प्रक्रिया सम्पन्न गर्न उनीहरूलाई छ वर्षभन्दा बढी समय लाग्यो । शान्ति प्रक्रियाको आंशिक उद्देश्य त पूरा भयो । तर केही बाँकी प्रमुख विषयलाई सम्बोधन गर्न नसकेका कारण, शान्ति प्रक्रियाको समापनप्रति असन्तुष्टी कायमै छ । शान्ति प्रक्रियाको प्रमुख पक्षका रुपमा रहेको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोग गठन नहुनु र हजारौँ द्वन्द्व पीडित, सहिद र तिनका परिवारलाई न्यायोचित व्यवहार नहुनुले जनतामा आक्रोश र निराशा थपिन पुग्यो । बढ्दो दण्डहीनताको संस्कृति र अपराधको राजनीतिकरणका साथै सरोकारवालाहरुले पूर्व लडाकूहरूको समुचित पुनःस्थापना कार्यमा समेत अपेक्षाकृत सफलता हाँसिल गर्न सकेनन् । एकीकृत नेकपा (माओवादी) १९,६०२ पूर्व लडाकूलाई नेपाली

१५ 'तराईमा सशस्त्र हिंसा', इन्टर डिसिप्लिनरी एनालिस्ट्स, नेपाल मधेश फाउण्डेसन, स्मल आर्म्स सर्भे र सेफरवर्ल्ड, २०६८
१६ उही
१७ 'सरकारद्वारा ५४९८ हतियार सङ्कलन', *नागरिक*, ३० बैशाख २०७०
१८ नेपाल, जनक र सिंह, भीमबहादुर, 'लुकाइएका हतियार ठूलो मात्रामा भेटिए', *कान्तिपुर*, ३१ भदौ २०७०



सेनामा समायोजन गर्न चाहन्थ्यो । तर केवल १,४२२ जना समायोजन भए भने १५,६२४ जनाले स्वेच्छिक अवकाश रोजेका थिए । मात्र छ जना पूर्व लडाकूले पुनःस्थापना रोजेका थिए ।[१९]

प्रमाणीकरण प्रक्रियामा उमेर नपुगेका (२०४५ जेष्ठ १२ पछि जन्मिएका) र पछि भर्ना भएका (२०६३ जेष्ठ ११ मा सरकार र माओवादीबीच युद्धविराम भएपछि भर्ती भएका) कुल ४,००८ जना पूर्व लडाकूलाई अयोग्य ठहर गरिएको थियो । अयोग्य घोषित गरिएका र स्वेच्छिक अवकाश रोजेकाहरुको गुनासो र असन्तुष्टी व्यापक छ । स्वेच्छिक अवकाश लिएर बहिर्गमन भएका माओवादी सेनाका पूर्व लडाकू र अयोग्य लडाकूहरु उनीहरुलाई प्रदान गरिएको आर्थिक प्याकेज अपर्याप्त रहेकोमा असन्तुष्ट छन् । अयोग्य लडाकूहरु पनि आपराधिक क्रियाकलापमा संलग्न भएका धेरै घटनाहरु सञ्चार माध्यममा प्रशारण/प्रकाशन हुने गरेका छन् ।[२०] "काठमाडौं प्रहरीले गत वैशाखदेखि ९ महिनाको अवधिमा मात्रै लूटपाटका घटनामा संलग्न ६ जना पूर्व लडाकूलाई हतियारसहित पक्राउ गरेको छ ।[२१] यसैगरी २०७० वैशाख ४ मा पूर्व सभासद् चन्द्रबहादुर थापाका स्वकीय सचिव यमबहादुर थापा सहित पाँच जनालाई प्रहरीले अत्याधुनिक राइफल र पेस्तोलसहित राजधानीबाट पक्राउ गरेको थियो ।[२२] योग्य घोषित भएका तथा नेपाली सेनामा समायोजन नगरिएकोमा निराशा व्यक्त गर्दै स्वेच्छिक अवकास रोजेकाहरुमा ठूलो असन्तुष्टी रहेको छ । यस्ता गतिविधिले राज्यको समग्र सुरक्षा अवस्थालाई थप कमजोर बनाएको छ ।

### ५.३.१०. दोस्रो संविधान सभा निर्वाचन पछिको सुरक्षा चुनौती

विगतमा शासकीय स्वरुप र सङ्घीयता जस्ता विवादास्पद विषयहरुमा प्रमुख दलहरुका बीचमा सहमति नभएकाले नयाँ संविधान जारी हुन सकेन । तर संविधान सभा निर्वाचन सम्पन्न भएपछि केवल नयाँ संविधान जारी नभई पहिलो संविधान सभाको विघटन भएपछि सिर्जना भएको राजनीतिक तथा संवैधानिक सङ्कटको मात्रै निरुपण गरेको छैन, उक्त विवादास्पद विषयहरुमा नेपाली जनताले स्पष्ट जनादेश समेत दिएका छन् । यद्यपि, बदलिँदो परिवेशमा राजनीतिक स्थिरता कायम भई आन्तरिक सुरक्षामा सुधारको सम्भावना देखिएको छ, तर चुनौतीरहित भने छैन ।

- राज्यको पुनर्संरचना, प्राकृतिक स्रोत-साधनको बाँडफाँड र शासकीय स्वरुप पहिलो संविधान सभामा व्यापक बहसको विषय बन्यो । पहिचान सहितको सङ्घीय संरचनाको मुद्दाले पहिलो संविधान सभाको चार वर्षे अवधि भर अधिक चर्चा पायो । तर उक्त विषयमा सहमति कायम हुन नसक्दा २०६९ साल जेठ १४ गते संविधान सभाको अवसान हुन पुग्यो । परिवर्तित राजनीतिक सन्दर्भमा नेपालमा राष्ट्रिय सुरक्षाको प्रश्नमा प्रमुख चुनौतीहरु देखिएका छन् - राज्य पुनर्संरचना र जातीयता-क्षेत्रीयतावाद, आत्म-निर्णयको अधिकार र स्वायत्त राज्यको माग, हतियारधारी समूह, गैर-राज्य पक्ष र बढ्दो हिंसाको संस्कृति ।[२३] विगत संविधान सभाका विषयगत समितिहरु - राज्यको शासकीय स्वरुप निर्धारण समिति, राज्यको पुनर्संरचना तथा प्राकृतिक स्रोत-साधन बाँडफाँड समिति, राष्ट्रिय हित संरक्षण

१९ बोहरा, रामेश्वर, 'सुखद नतिजा', *हिमाल*, २३ भदौ २०७०
२० *नेपालको शान्ति प्रक्रियाको सिंहावलोकन*, नेपाल नीति अध्ययन प्रतिष्ठान, २०७०
२१ झा, नवीन, 'हतकडीको आपराधिक प्रयोग,' *हिमाल*, ३० भदौ २०७०
२२ उही
२३ वाग्ले, गेजा एस, 'परिवर्तित सन्दर्भमा राष्ट्रिय सुरक्षाका नयाँ चुनौती', भट्टराई आर र वाग्ले गेजा एस (सं), *नेपालको सुरक्षामा नयाँ चुनौती*, नेपाल नीति अध्ययन प्रतिष्ठान, २०६७

समिति, अल्पसङ्ख्यक तथा सिमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति, सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्माण समिति, संवैधानिक निकायको संरचना निर्धारण समिति, न्याय प्रणाली सम्बन्धी समिति, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिले पेश गरेका प्रतिवेदनमा समेत दलहरुका बीचमा मौलिक अन्तर्विरोध कायम रह्यो । राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समितिले राज्यको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरुपमा हुने संरचना, सङ्घीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त र आधारहरु प्रत्येक सङ्घीय एकाइको क्षेत्र निर्धारण र तिनको नामाकरण, सङ्घीय एकाइको विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारको बाँडफाँड आदिका बारेमा ठोस सुझाव दिनुपर्ने थियो । समितिले देशलाई १४ वटा स्वायत्त प्रदेशमा विभाजन गर्ने प्रस्ताव गरेको थियो । प्रदेशको सङ्ख्या प्रस्ताव गर्दा समितिले पहिचानलाई प्राथमिक र सामर्थ्यलाई सहायक आधारको रुपमा लिएको थियो । समितिले आदिबासी, जनजाति र मधेशीलाई राजनीति, संस्कृति, धर्म, भाषा, शिक्षा आदिमा समितिको बहुमतका आधारमा आत्मनिर्णयको अधिकार प्रदान गरिएको प्रतिवेदन तयार पारेको थियो ।[२४] दोस्रो संविधान सभाले उक्त सम्पूर्ण विषयमा थप छलफल गरी सहमतिका साथ ठोस निर्णय लिनुको विकल्प छैन । त्यसैले आगामी दिनमा उक्त छलफल र बहसले देशको शान्ति सुरक्षामा असर पार्ने सम्भावना प्रवल छ ।

- केही राजनीतिक दलहरुले निर्वाचन प्रक्रिया तथा परिणाम बहिस्कार गरेको सन्दर्भमा सडक सङ्घर्ष र शहर केन्द्रित जनविद्रोह गर्ने जस्ता अभिव्यक्तिहरु सार्वजनिक भइरहेको परिवेशमा शान्ति सुरक्षामा प्रतिकूल असर पर्ने देखिन्छ ।
- निर्वाचनको समयमा हिंसात्मक गतिविधि भएका छन् । बहिस्कारवादीहरुको हिंसात्मक गतिविधिका कारण ज्यान गुमाएका, घाइते भएका र अङ्गभङ्ग भएकाहरुको परिवारले न्याय पाएका छैनन् । निर्वाचन अवधिमा महमद आलम, राकेश यादव र राजकुमार देउजा क्षेत्रीको ज्यान गएको छ । पीडितले न्याय नपाउने र अपराधीले उन्मुक्ति पाउने अवस्था रह्यो भने त्यसले समाजमा हिंसा र दण्डहीनतालाई बढावा दिई सुरक्षामा चुनौती थपिने देखिन्छ ।
- निर्वाचनमा जातीय र क्षेत्रीय ध्रुवीकरण भएको छ । यसले आपसी सद्भाव र सहकार्यलाई कमजोर बनाई सामाजिक द्वन्द्व निम्त्याउने खतरा देखिएको छ ।

### ५.३.११. राष्ट्रियता र राष्ट्रिय हितका विषयहरु

राष्ट्रियता र राष्ट्रिय हितका विषयहरुमा अहिले पनि विवाद हुने गरेको देखिन्छ। राजनीतिक दलहरुले पनि राष्ट्रियतालाई आ-आफ्नै ढङ्गले परिभाषित गर्नाले आन्तरिक सुरक्षा प्रभावित हुने गर्छ । राजनीतिक दलहरुले आफू कमजोर भएको परिस्थितिमा आफ्नो राजनीतिक स्वार्थ पुरा गर्न राष्ट्रियताका मुद्दाहरुलाई प्रयोग गर्ने राजनीतिक संस्कार को कारणले आन्तरिक द्वन्द्वले मौलाउने अवसर पाउँछ ।

### ५.३.१२. मित्रराष्ट्रसँगको सम्बन्ध

नेपाली भूमिबाट भारतीय हवाईजहाज अपहरण हुनु,

२४ *संविधान सभा दर्पण*, २०६५-०६९, व्यवस्थापिका संसद सचिवालय, काठमाडौं, २०७०



भारतमा अपराध गर्नेहरु नेपालमा आश्रय लिनु र नेपालमा अपराध गर्नेहरु भारतमा आश्रय लिनु, विदेशी नागरिकहरुले भारतीय र नेपाली नक्कली मुद्राको कारोबार गर्नु जस्ता कार्यहरुले सुरक्षामा गम्भीर चुनौती सिर्जना गरेका छन् । भारतीय पक्षले नेपालसम्म उडान भर्ने भारतीय जहाजमा 'स्काई मार्शल' राख्नुपर्ने माग गर्दै आइरहेको छ ।[२५] नेपालको विमानस्थलबाट भारततर्फ उड्ने यात्रुको छुट्टै सुरक्षा जाँच भने गर्दै आएको छ । भारतीय जासुसी निकायले हवाई सुरक्षाका लागि विशेष कमाण्डो तालिम दिने निकाय नेशनल सेक्युरिटी गार्डलाई स्काई मार्शल थप्न सुझाव दिएको छ।[२६] राष्ट्रिय सुरक्षाका दृष्टिले यो अत्यन्त सम्वेदनशील विषय हो । त्यसैले दुवै देशको सुरक्षा प्रणाली सुदृढ गर्न नेपाल र भारत दुवै सरकारले अविलम्ब उपयुक्त कदम चाल्नुपर्छ ।

### ५.३.१३. कमजोर राज्य

नेपाल कमजोर हुँदै गएकाले विदेशी चासो र गतिविधिमा उल्लेख्य वृद्धि भएको छ । ०६३ पछि केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले अस्वाभाविक रुपमा आफ्ना गतिविधि सञ्चालन गरे । त्यसैले केही विदेशी दातृ निकाय र राष्ट्रहरुलाई नेपालमा जातीय द्वन्द्वको पक्षमा कार्य गरेको आरोप समेत लाग्यो। कार्टर सेन्टरले आफ्नो एक प्रतिवेदनमा 'धेरै आदिवासी तथा जनजाति सङ्गठनहरु पहिले भन्दा कम सक्रिय छन् । तर उनीहरुका आधारभूत संवैधानिक मागहरु पूर्णरुपमा सम्बोधन नगरिएकाले भविष्यमा उनीहरुको गतिविधि फेरि बढ्ने सम्भावना रहेको उल्लेख गरेको छ ।[२७]

## ५.४. असमान सामाजिक स्थिति

१. समाजमा व्याप्त अशिक्षा र अभावले पनि सुरक्षा अवस्थामा चुनौती थपेका हुन्छन् । नागरिक अशिक्षित हुँदा सरकारसँगको दूरी बढ्छ र सरकारप्रति विश्वास कम हुन्छ। अशिक्षा र अभावको भूमरीमा परेका जनता आफ्ना आधारभूत आवश्यकता पूरा गर्न अपराधजन्य गतिविधिमा संलग्न हुन्छन् र समाजमा आपराधिक घटनामा बढोत्तरी हुन्छ । नेपालमा जनसङ्ख्या वृद्धि दर १.३५ छ । मुद्रा स्फ्रिति ९.१ प्रतिशत पुगेको छ । बाल तथा मातृ मृत्युदर अझै उच्च छ । तलको सामाजिक सूचकाङ्कले देशको अवस्था बुझ्न थप मद्दत मिल्न सक्छ :

**तालिका ३-सामाजिक अवस्था**

| क्र.सं | सूचकहरु | वर्ष (सन्) | विद्यमान स्थिति |
|---|---|---|---|
| १ | औसत जनसङ्ख्या वृद्धिदर | २०११ | १.३५% |
| २ | अपेक्षित औसत आयु | २०११/२०१३ | ६९.१ वर्ष |
| ३ | साक्षरता (पाँच वर्षभन्दा माथिका) | २०११ | ८०% |
| ४ | पाँच वर्ष मुनिका बाल मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | २०११ | ५४०० |
| ५ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | २०११ | २२९ |

**स्रोत**-राष्ट्रिय जनसङ्ख्या तथा घरधूरी गणना २०११ (राष्ट्रिय प्रतिवेदन), केन्द्रीय तथ्याङ्क विभाग, २०१२

२५ नेपाल र भारतका गृह सचिव स्तरीय बैठकमा भारत पक्षबाट उठाउँदै आएका मुद्दाहरु (नोभेम्बर १, २००८ र नोभेम्बर ७, २००९)
२६ भट्टराई, देवेन्द्र, 'नेपालको आकास असुरक्षितः हवाइ-मार्सल थपिने', *कान्तिपुर*, २१ भदौ २०७०
२७ कार्टर सेन्टर, ७ मंसीर २०६७

२. आन्तरिक सुरक्षालाई प्रभाव पार्ने अर्को पक्ष घरेलु हिंसा हो । महिला अधिकारवादीहरुले सुरक्षाको बारेमा महिलाहरुलाई सधैं राज्यले पुरुषवादी नजरले हेर्ने गरेकोले महिलामाथि हिंसा हुने गरेको तर्क गर्दै आएका छन् । यसै सन्दर्भमा माइकल शीहानले भनेका छन् - 'सम्बन्धको विविध उप-विधामा अन्तर्राष्ट्रिय सुरक्षा पूर्णतः लैङ्गिक रुपमा एक पक्षीय भएको छ ।'[२८] त्यसैले पुरुष प्रधान सोचका कारण महिला अधिकारकर्मीहरुलाई यस विषयमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न कठिन भएको छ । महिलाहरुको आवाजलाई अनाधिकृत आवाजको रुपमा लिने गरिएको छ ।[२९] अन्तर्राष्ट्रिय जगतमा नै यस्तो अवस्था रहेको सन्दर्भमा नेपालमा महिलालाई हेर्ने दृष्टिकोण र सोचमा उल्लेखनीय परिवर्तन नभएकोले नै घरेलु हिंसा नियन्त्रण हुन नसकेको हो । घरेलु हिंसाका साथै लैङ्गिक हिंसाका घटना पनि दिन प्रति दिन बढिरहेका छन् । महिलासँगै बालबालिका पनि हिंसाको सिकार बन्दै आएका छन् । निम्न तालिकामा विगत दश वर्षमा नेपालमा महिला तथा बालबालिकामाथि भएका हिंसासम्बन्धी तथ्याङ्क प्रस्तुत गरिएको छ ।

**तालिका ४-हिंसाका घटना**

| क्र.सं. | आर्थिक वर्ष | बलात्कार | बलात्कार प्रयास | मानव बेचबिखन | जबर्जस्ती गर्भपतन | बालविवाह | बहुविवाह | घरेलु हिंसा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०६०/०६१ | १५४ | १९ | ५६ | ८ | ३ | ४४ | ९२२ |
| २ | ०६१/०६२ | १८८ | २५ | ७२ | ११ | १ | ६६ | ७३० |
| ३ | ०६२/०६३ | १९५ | ३८ | ९७ | १४ | १ | ६५ | ९३९ |
| ४ | ०६३/०६४ | ३१७ | ७० | ११२ | ३ | ७ | ९४ | १,१०० |
| ५ | ०६४/०६५ | ३०९ | ७३ | १२३ | १३ | ४ | १२२ | ८८१ |
| ६ | ०६५/०६६ | ३९१ | ७५ | १३९ | १२ | २ | १७० | ९६८ |
| ७ | ०६६/०६७ | ३७६ | १०१ | १६१ | ८ | ७ | १४६ | ९८३ |
| ८ | ०६७/०६८ | ४८१ | १५१ | १८३ | १२ | ३ | १९७ | १,३५५ |
| ९ | ०६८/०६९ | ५५५ | १५६ | ११८ | १३ | १२ | २४९ | २,२५० |
| १० | ०६९/०७० | ६७७ | २४५ | १४४ | २८ | १९ | ३५० | १,८०० |

**स्रोत-**नेपाल प्रहरी

माथिको तालिकामा उल्लेखित तथ्याङ्क अनुसार २०६०/०६१ देखि २०६९/०७० को तथ्याङ्क हेर्दा बलात्कार ४ गुणा भन्दा बढीले वृद्धि भएको देखिन्छ भने बलात्कार प्रयास लगभग १३ गुणाले वृद्धि भएको देखिन्छ। मानव बेचबिखनको सङ्ख्या ०६८/०६९ सालमा लगातारको वृद्धिपछि घटेको देखिन्छ । त्यस्तै जबर्जस्ती गर्भपतनको सङ्ख्या पनि बढ्ने र घट्ने क्रममा ०६९/०७० सालमा २८ पुगेको देखिन्छ । साथै, बालविवाह ६ गुणा भन्दा बढिले वृद्धि भएको देखिन्छ भने बालविवाह पनि करिब ८ गुणाले वृद्धि भएको देखिन्छ। यसका साथै घरेलु हिंसा पनि घट्ने-बढ्ने क्रममा ०६८/०६९ सालको तथ्याङ्क अनुसार सङ्ख्यामा वृद्धि भइ २,२५० पुगेको देखिन्छ भने ०६९/०७० सालमा उक्त सङ्ख्या घटेको देखिन्छ। लैङ्गिक हिंसाभित्र बलात्कार, बलात्कार प्रयास, मानव बेचबिखन, बहुबिबाह, बालबिबाह, जबर्जस्ती गर्भपतन, आदि पर्दछन् ।[३०]

२८ शीहान, माइकल, *अन्तर्राष्ट्रिय सुरक्षाः विश्लेषणात्मक सर्वेक्षण,* नयाँ दिल्ली, भिभा बुक्स प्रा.लि, २००९

२९ टिकनर, जे. एन्, राजनीतिक यथार्थवादसम्बन्धी हेन्स् मोर्गेन्थेनका सिद्धान्तहरुः महिलावादी पुनर्परिकल्पना, रेबेका ग्रान्ट र केथलिन न्यूल्याण्ड (सं), लैङ्गिक तथा अन्तर्राष्ट्रिय सम्बन्ध, बकिङ्हम, ओपन युनिभर्सिटी प्रेस, १९९१

३० लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना, सन् २०१० को कार्यान्वयन स्थिति अनुगमन प्रतिवेदन, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, भदौ २०६९



३. विभिन्न जातजाति, धर्म, भाषालाई यथोचित सम्मान र स्थान दिन सकिएन भने संविधान निर्माणका सन्दर्भमा मात्र होइन्, त्यसले राष्ट्रिय एकता कमजोर बनाई राष्ट्रिय सुरक्षामा समेत नकारात्मक प्रभाव पार्ने सम्भावना रहन्छ । त्यसैगरी साम्प्रदायिक गतिविधि बढ्दै गएको देखिन्छ । साम्प्रदायिक गतिविधि बढ्दै गएमा त्यसले सामाजिक सद्भावमा प्रतिकूल असर पारी राष्ट्रिय एकता तथा जनताको सुरक्षामा तत्कालीन दृष्टिकोणले मात्रै होइन्, दीर्घकालीन दृष्टिकोणले समेत गम्भीर नकारात्मक प्रभाव पार्नेछ ।

## ५.५. विविध सुरक्षा चुनौतीहरु

५.५.१. दण्हीनता र सङ्क्रमणकालीन न्यायको अभाव

विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपश्चात दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य भयो । तर दण्डहीनता अझै व्याप्त छ र सङ्क्रमणकालीन न्याय संयन्त्रको अभाव कायम नै छ । अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरणले दण्डहीनताको संस्कृतिलाई थप मौलाउने अवसर प्रदान गरिरहेको छ । वर्तमान नेपाली समाज र राजनीतिका हरेक आयाममा दण्डहीनताको संस्कृति व्याप्त रहेको देख्न सकिन्छ । शान्ति प्रक्रिया र अन्तरिम संविधान २०६३ को प्रमुख अङ्गका रुपमा रहेको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोग गठन गर्नतर्फ कुनैपनि सरकारहरुले इमान्दार प्रयास गरेनन् । यसको ठीक विपरित आफ्ना कार्यकर्ताहरुलाई उन्मुक्ति दिने उद्देश्यले मन्त्रिपरिषद् बैठकबाटै कैयौं गम्भीर आपराधिक तथा मानवअधिकार उल्लङ्घनका मुद्दाहरु फिर्ता लिए, जसले दण्डहीनता, असुरक्षा र अराजकताको संस्कृतिलाई बढावा दिएको छ । यति मात्र होइन्, विगतमा बनेका सबै सरकारहरुले राष्ट्रिय मानवअधिकार आयोगका सुझाव कार्यान्वयन गर्नतर्फ समेत उदासीनता दर्शाए ।[३१]

५.५.२. आपराधिक घटनामा प्रविधिको प्रयोग बढिरहेको छ । इन्टरनेट र दूरसञ्चार सेवालाई अपराधको मुख्य अस्त्रको रुपमा प्रयोग गर्न थालिएको छ । अपहरण, हत्या, तस्करी र राजश्व ठगी जस्ता आपराधिक कार्यमा विज्ञान र प्रविधिको प्रयोगले आन्तरिक सुरक्षामा चुनौती थपिएको छ ।

सङ्गठित अपराधमा संलग्न अपराधीहरुद्वारा भ्वाइस ओभर इन्टरनेट प्रोटोकल (भीओआईपी) को अवैध प्रयोगले प्रहरीका लागि चुनौती सिर्जना गरेको छ। अर्कोतिर रजिस्टर्ड टेलिकम प्रोभाइडरको गेटवे (Gateway) छल्दै अनधिकृत रुपमा अवैध दूरसञ्चारको संरचना बनाई ठूलो मात्रामा राजश्व छली भइरहेको छ ।[३२] २०६७ पछि यस प्रकारका घटना नियन्त्रण गर्ने कार्यमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो संलग्न रहेता पनि पूर्ण नियन्त्रणमा भने आउन सकेको छैन । व्यूरोले अवैध कल बाइपास धन्दा चलाइरहेका अपराधीलाई पक्राउ गरी मुद्दा चलाएको छ । नेपाल प्रहरीबाट प्राप्त जानकारी अनुसार २०७० मङ्सिर सम्म ८६ स्वदेशी र २२ विदेशी गरी १०८ जनालाई पक्राउ गरेर कारवाही अगाडि बढाइएको छ ।[३३]

५.५.३. टेलिभिजन र इन्टरनेटको दुरुपयोगको सम्भावना नेपालमा ज्यादै प्रवल देखिन्छ । यस कारोबारमा संलग्न करीब ५० वटा सेवा प्रदायक नेपाल सरकारको नियन्त्रण बाहिर रहेका छन् ।

५.५.४. प्रकृति र मानवनिर्मित बिपद्को उचित व्यवस्थापन तथा प्रभावकारी योजनाको अभावका कारण पीडित पक्षको असन्तुष्टिले आन्तरिक सुरक्षालाई प्रभावित

३१ एक दशक (२०००-२०१०) को अवधिमा उजुरीहरुमाथि सुझावहरुको प्रतिवेदन, राष्ट्रिय मानवअधिकार आयोग, नेपाल, हेर्नुहोस्: http://www.nhrcnepal.org/reports.php

३२ सार्वजनिक लेखा समितिको बैठकमा गृह मन्त्रालयद्वारा दिइएको जानकारी, २२ पुष २०६७

३३ नेपाल प्रहरीबाट प्राप्त जानकारी

गर्छ। २०६५ भदौमा कोशी नदीमा आएको भीषण बाढीले तटबन्ध भत्काउँदा १५ हजार नागरिकहरु घरबारबिहीन भएपश्चातको पीडादायी जीवन अहिले पनि बाँचिरहेका छन्। क्षतिपूर्ति अपर्याप्त भएको र बसोबासको उचित व्यवस्था नगरिदिएका कारण पीडितहरु असन्तुष्ट छन्। त्यसैगरी २०७० असारमा माहाकाली नदीमा आएको बाढीले दार्चुला लगायतका जिल्लामा पुऱ्याएको नोक्सानी र त्यसको समुचित व्यवस्थापन गर्न नसक्दा व्यापक असन्तुष्टी सिर्जना भएको छ। बिपद् पीडितहरुको असन्तुष्टी व्यवस्थापन समय भित्रै गर्न सकिएन भने त्यसले आन्तरिक सुरक्षा व्यवस्थापनमा जोखिम उत्पन्न गर्छ।

५.५.५. बजारमा सुरक्षासम्बन्धी सामग्रीहरुको सहज उपलब्धताका कारण आपराधिक समूहहरुले त्यस्ता सामानहरुको निर्वाध प्रयोग गर्ने सम्भावना बढेको छ। सार्वजनिक सूचना सङ्कलनका उपकरणहरुको प्रयोग गर्ने (Public Intelligence गर्ने Equipmemts) अधिकार सुरक्षा निकायको मात्र हो। अन्य सुरक्षा सम्वेदनशील संस्था वा समूहले राख्नु परेमा सुरक्षा निकायको पूर्वस्वीकृति लिनु पर्ने हुन्छ। सुरक्षा पोशाक, हतकडी, सुरक्षा जाँच मेसिन (Security Screening Machine), जासुसी क्यामेरा (CCTV), भिडियो (Video), शरीर परीक्षण यन्त्र (Body Scanners), आवास सुरक्षा उपकरण (Home Security Equipment), वायरलेस (Voiccetel Wireless), गोली रोक्ने वस्त्र (Security Bullet Proof Jackets) आदि बजारमा किन्न पाइन्छ। हतकडी लिएर प्रहरी पोशाकमा आफूलाई प्रहरी भन्दै लुटपाट लगायतका अपराधमा संलग्न हुनेहरुको सङ्ख्यामा वृद्धि हुन थालेको छ। सुरक्षा सम्वेदनशीलतासँग जोडिएको उक्त पक्षले आन्तरिक सुरक्षामा जटिलता थपेको छ।

५.५.६. कमजोर सूचना प्रणालीका कारण घटना हुनु पूर्वको सूचना प्राप्त नहुने समस्या पनि देखिन्छ। यसले सुरक्षा सम्बन्धी दुर्घटनालाई समयमै रोकथाम गरी भौतिक क्षति हुनबाट जोगाउन नसक्ने स्थिति सिर्जना हुन्छ।

५.५.७. निजी क्षेत्रमा रहेका निजी सुरक्षा गार्ड र तिनीहरुको आपूर्ति गर्ने संस्थाहरुलाई अनुगमन गर्ने वैज्ञानिक पद्धति कार्यान्वयन नभएको स्थितिले आन्तरिक सुरक्षामा चुनौती थपिएको छ। यसरी अपूर्ति गरिने निजी सुरक्षाकर्मीहरुले उपयुक्त तालिम प्राप्त नगरेको र उनीहरुको विगतको कामका बारेमा ज्ञान र स्पष्ट जानकारीको अभावले दुर्घटनाहरुको सामना गर्नु परेको छ।

५.५.८. अव्यवस्थित शहरीकरण र गैर योजनाबद्ध बसोबासले जोखिम बढाएको छ। आन्तरिक बसाइँसराई शहर केन्द्रित भएको छ, रोजगारीका अवसरहरु कम हुँदै गएका छन् र आपराधिक क्रियाकलापमा समेत वृद्धि भइरहेको छ।

## ५.६ मानव सुरक्षा र गैरपरम्रागत सुरक्षा चुनौती

बदलिँदो परिवेशमा सुरक्षाको दृष्टिकोण परम्परागत राज्य केन्द्रित अवधारणाबाट मानव केन्द्रित अवधारणामा रुपान्तरित भएको छ। नेपालमा मानव सुरक्षासम्बन्धी प्रमुख सरोकारका विषयहरु (सामाजिक, खाद्यान्न, स्वास्थ्य, वातावरण, सामुदायिक, वैयक्तिक तथा राजनीतिक सुरक्षा) आन्तरिक सुरक्षाका लागि आधारभूत तत्व हुन्। कुल जनसङ्ख्याको २३.८ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको तथ्याङ्कले स्पष्ट हुन्छ कि नेपाली नागरिकहरुले आफ्नो दैनिक जीवनमा मानव सुरक्षाको दृष्टिकोणबाट असुरक्षित महसुस गरेका छन्। त्यसैले सुरक्षाको नवीन तथा गैर परम्परागत सुरक्षा चुनौतीका रुपमा मानव सुरक्षा खडा भएको छ।

## ६. सुझावहरू

उक्त जटिल चुनौतीहरुको सामना गरी नागरिक सुरक्षा सुनिश्चित गर्न सरकारले सर्वप्रथम चुनौतीहरुको पहिचान गरी अविलम्ब नीतिगत, संस्थागत र संरचनागत सुधारका कदम चाल्नुपर्छ। विद्यमान परिवेशमा आन्तरिक सुरक्षा प्रत्याभूति गर्न सरकार र



सुरक्षा निकायहरुले निम्न लिखित सुझावहरुलाई अविलम्ब कार्यान्वयन गर्नु उपयुक्त हुन्छ :

१. नेपालका आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीहरु अत्यन्त जटिल र बहुआयामिक छन्। त्यसैले सरकारले राजनीतिक दल तथा सरोकारवालाहरुसँग गम्भीर परामर्श गरी बदलिँदो राजनीतिक परिवेशका आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीहरुको सामना गर्नका लागि यथाशीघ्र राष्ट्रिय सुरक्षा नीति तर्जुमा गर्नुपर्छ।

२. सुरक्षा अवधारणामा आएको व्यापक परिवर्तन र नेपालको बदलिँदो राजनीतिक परिवेशलाई आत्मसात् गर्दै नेपालको राष्ट्रिय सुरक्षा नीति मानवीय सुरक्षाको व्यापक तथा विस्तृत अवधारणानुरुप परिभाषित गरी कार्यान्वयन गर्नुपर्छ।

३. नेपालका सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभाग) लाई शान्ति सुरक्षा कायम गरी विधिको शासन सुनिश्चित गर्ने दिशामा प्रभावकारी रुपमा परिचालन गर्नुपर्छ।

४. नेपालका सुरक्षा निकायहरुलाई नेपालका जटिल आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीहरु सामना गर्न सक्षम, व्यावसायिक र साधन-स्रोत सम्पन्न निकायको रुपमा विकास गर्नुपर्छ।

५. सुरक्षा निकायहरुमा व्याप्त रहेको राजनीतिक हस्तक्षेप तथा अनुत्तरदायी प्रवृत्तिको अन्त्य गरी सुरक्षा निकायहरुलाई पूर्णरुपमा व्यावसायिक, अराजनीतिक तथा जनताप्रति उत्तरदायी निकायको रुपमा विकास गर्नुका साथै थप समावेशी बनाउनु पर्छ।

६. सुरक्षा निकायहरुको भूमिका र क्षेत्राधिकारको बारेमा स्पष्ट व्याख्या नभएको कारणले कार्यसम्पादन गर्ने क्रममा समस्या र जटिलता सिर्जना हुने गरेको देखिन्छ। त्यसैले सुरक्षा निकायहरुको भूमिका र क्षेत्राधिकारको बारेमा स्पष्ट व्याख्या गरी सरकारले उपयुक्त कार्य विभाजन गर्नुपर्छ।

७. सुरक्षा निकायको व्यावसायिकता, दक्षता र कुशलता अभिवृद्धि गर्न उनीहरुलाई आधुनिक तालिम तथा अत्याधुनिक प्रविधि र उपकरणहरु उपलब्ध गराई क्षमता अभिवृद्धि गर्नुपर्छ।

८. नेपाल सरकार र सुरक्षा निकायहरुले शान्ति सुरक्षा बहाल र कानुन कार्यान्वयन गराउने क्रममा अन्तर्राष्ट्रिय मानव अधिकारका आधारभूत सिद्धान्त तथा नेपालले हस्ताक्षर गरेको सन्धि, महासन्धि र अभिसन्धिहरुको पूर्ण पालन, संरक्षण र सम्बर्द्धन गर्नुपर्छ।

९. खुला सिमानाको कारणले सुरक्षा चुनौती सिर्जना भएका हुनाले नेपाल र भारत सरकारले वैज्ञानिक पद्धति अवलम्बन गरी खुला सिमानाको प्रभावकारी नियमन र सीमापार आपराधिक तथा गैरकानुनी गतिविधिको पूर्ण नियन्त्रण गर्नुपर्छ।

१०. नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भइसकेको छ। त्यसैले नेपालका सुरक्षा निकायहरुलाई पनि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको भावनाअनुरुप पुनर्संरचना गर्नुपर्छ। तर, सङ्घीय प्रणालीका सुरक्षा चुनौतीहरु थप जटिल र बहुआयामिक हुन्छन्। त्यसैले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको भावनाअनुरुप पुनर्संरचना गर्दा उक्त जटिल र बहुआयामिक सुरक्षा चुनौतीहरुको सामना गर्न सक्षम निकायको रुपमा विकसित गर्नुपर्छ।

११. प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, वन तथा वातावरण विनास, अव्यवस्थित शहरीकरण, मानव निर्मित आधुनिक भौतिक संरचना जस्ता कारणले नेपाल प्राकृतिक प्रकोपको दृष्टिले उच्च जोखिममा छ। त्यसैले यस्ता मानवीय तथा प्राकृतिक कारणले सिर्जना हुने अप्रत्यासित प्रकोपको उद्धार, न्यूनीकरण तथा व्यवस्थापन गर्ने दृष्टिले सक्षम सुरक्षा निकायको रुपमा विकसित गर्नुपर्छ।

१२. समाजमा असुरक्षाको वातवारण सिर्जना गरी देशको शान्ति सुव्यवस्थामा गम्भीर असर पार्ने अपहरण, मानव बेचविखन, आतङ्ककारी गतिविधि, लागू औषध कारोबार जस्ता विविध आपराधिक गतिविधि तत्कालै नियन्त्रण गर्न उपयुक्त नीति तथा कानुन निर्माण गरी अविलम्ब लागू गर्नुपर्छ।

१३. दण्डहीनताको अन्त्य गरी पीडकलाई सजाय र पीडितलाई न्याय प्रदान गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोग गठन गरी जनतालाई सङ्क्रमणकालीन न्यायको प्रत्याभूति दिलाउनु पर्छ।

१४. देशभर क्रियाशील सशस्त्र तथा आपराधिक समूहहरुको पहिचान र वर्गीकरण गरी उनीहरुलाई निःशस्त्र गर्नुपर्छ । राजनीतिक समूहसँग वार्ता गरी उनीहरुका राजनीतिक मागहरुलाई सम्बोधन गर्नुपर्छ । आपराधिक, गैरकानुनी र सशस्त्र समूहहरुको कानुनी प्रक्रिया बमोजिम नियन्त्रण गर्नुपर्छ।

१५. नागरिकसंग सुरक्षा निकायहरुको सम्बन्ध सुमधुर हुनुपर्छ । नेपाल सरकारले लागू गर्ने सुरक्षा नीति नागरिक मैत्री, समुदाय मैत्री, महिला मैत्री, मानवअधिकार मैत्री, अपाङ्ग मैत्री हुने मात्रै होइन, सबैको अधिकार र सुरक्षाको प्रत्याभूति गर्नुपर्छ।

नेपाल नीति अध्ययन प्रतिष्ठान (NIPS) २०६५ मा स्थापित एक अनुसन्धानमूलक प्राज्ञिक संस्था हो । यस संस्थाले - सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र लोकतन्त्र गरी तीन क्षेत्रहरुमा आफ्नो अध्ययन केन्द्रित गर्दछ । र, अनुसन्धान, अनुसन्धानमूलक अन्तरक्रिया कार्यक्रम र अनुसन्धानबाट प्राप्त भएका तथ्याङ्कहरु सन्दर्भ सामग्रीका रुपमा प्रकाशन गर्दछ । यस संस्थाले अनुसन्धानका विषयहरुमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मुद्दाहरुलाई सार्वजनिक नीतिसँग जोडेर तुलनात्मक अध्ययन गर्दछ। साथै, आफ्ना अध्ययन र अनुसन्धानबाट हाँसिल गरेका उपलब्धिहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम, सेमिनार र कार्यशाला गोष्ठी; पुस्तक तथा नीति पत्र प्रकाशन जस्ता विभिन्न माध्यमहरुमार्फत प्रवाह गर्दछ । NIPS ले २०६६ मा *बदलिंदो परिवेशमा नेपालका सुरक्षा अवधारणाहरु*, २०६८ मा *नेपालको सुरक्षामा नयाँ चुनौती* र २०७० मा *नेपालमा मानव सुरक्षा : अवधारणा, बहस र चुनौतीहरु* नामक तीन पुस्तक र हालसम्म नौ वटा नीति पत्र प्रकाशन गरिसकेको छ।


**नेपाल नीति अध्ययन प्रतिष्ठान**
**(Nepal Institute for Policy Studies-NIPS)**
९० महादेवस्थान मार्ग, बानेश्वर, का.म.न.पा.-१०
पो.ब.नं.-१४३५२, काठमाडौं, नेपाल
टेलिफोनः ०९७७-१-४४८२५३०
फ्याक्सः ०९७७-१-४४६२८११
इमेलः nips@nipsnepal.org
www.nipsnepal.org


यस नीति पत्रमा प्रकाशित सामग्री जर्नल, समाचार पत्र, म्यागेजिनमा पुनर्मुद्रण गर्न सकिनेछ । तर यसरी प्रकाशित भएका सामग्रीहरुको एक प्रति निप्स कार्यालयमा उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ । यसैगरी आदरणीय पाठक तथा विद्वतवर्गहरुलाई निप्सद्वारा प्रकाशित यस नीति पत्रका बारेमा यहाँहरुको टिप्पणी एवम् अमूल्य सुझावकालागि अनुरोध गरिन्छ।